**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ ३० गते शनिबार ❑ 13 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## रास्वपाका नेता कार्यकर्ता अब संयम र अनुशासनमा बाँधिनुपर्छ : महामन्त्री बुर्लाकोटी

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री कविन्द्र बुर्लाकोटीले पार्टीका सबै तहका नेता तथा कार्यकर्ताहरू अब संयम, जिम्मेवार र अनुशासित हुनुपर्ने बताउनुभएको छ।

रास्वपा गण्डकी प्रदेश समितिको प्रथम अधिवेशनको शुक्रबार पोखरामा उद्घाटन गर्दै उहाँले पार्टी स्थापनाको चार वर्षको छोटो समयमा पार्टीको काँधमा देश निर्माणको महत्त्वपूर्ण जिम्मेवारी रहेकाले पार्टी पङ्क्तिसमेत अनुशासित हुनुपर्ने उहाँको भनाइ छ। "अधिवेशनहरूले नीति र नेतृत्वमा खार्दै लैजान्छ। हामीलाई पनि महाधिवेशनको चटारो छ, हामी बृहत्तर पार्टी निर्माणमा लागेका छौँ र आफैँलाई कसी लगाउनुपर्ने ठाउँमा आएका छौँ। एकबखत हामी धेरै भोकाएका थियौँ, अहिले मोटाएका छौँ, अब हामीले धेरै चिजहरूमा संयम हुनुपर्दछ। हामी संयम



हुन सक्यौँ भने पार्टी कमजोर हुँदैन", महामन्त्री बुर्लाकोटीले भन्नुभयो। उहाँले कुनै एक व्यक्तिका लागि पार्टी स्थापना गरेर पद सृजना नगरिएको भन्दै रास्वपा यो देशका सबै नेपाली नागरिकका लागि भएको र देश निर्माण गरिछाड्ने उल्लेख गर्नुभयो। बुर्लाकोटीले भन्नुभयो, "हामी सबैको योगदानका कारण पार्टी बनेको हो, हाम्रो राजनीतिक भविष्य खोज्नका लागि पार्टीमा जोडिएको होइन, देशको भविष्य निर्माण गर्न रास्वपामा जोडिएका हौँ, त्यसैले सबै जना तोकिएको जिम्मेवारीमा बस्नुपर्छ।" उहाँले इमानदार कार्यकर्ताका लागि पार्टीले जहिले पनि जिम्मेवारी दिने भएकाले अधिवशेनबाट जिम्मेवारी नपाउने इमानदर र योग्य व्यक्तिलाई विधि बनाएर काम दिइने स्पष्ट पार्नुभयो। रास्वपा संसदीय दलका उपनेता गणेश पराजुलीले पार्टी र सरकारमा अहिले कुनै पनि समस्या नरहेको बताउनुभयो। पार्टी सभापति रवि लामिछानेले पार्टी सङ्गठन र वरिष्ठ नेतासमेत रहनुभएका प्रधानमन्त्री वालेन्द्र शाहले राजकीय जिम्मेवारी सञ्चालन गर्नेगरी दुई नेताका बीचमा जिम्मेवारी बाँडफाँट गरिएको उहाँले बताउनुभयो। पराजुलीले रास्वपाको लामो राजनीतिक अभ्यास र अनुभव नभए पनि पार्टी राष्ट्र निर्माणको अभियानमा लागेको बताउनुभयो। प्रतिनिधिसभाका सांसदसमेत रहनुभएका पार्टी सचिवालय सदस्य सागर ढकालले देशलाई कसरी कायापलट गर्ने भन्ने मूल उद्देश्य पार्टी गठनको रहेकाले अन्य पद र जिम्मेवारीलाई ठूलो नमान्न आग्रह गर्नुभयो।

पार्टीका प्रदेश सभापति राजन गौतमले अधिवेशनमा सर्वसम्मत नेतृत्व चयन पहिलो प्राथमिकता रहेको बताउनुभयो। उहाँले गण्डकीका ६४ पालिका र ५५५ वडा तथा नौ जिल्लाको अधिवेशनसम्पन्नभएकोजानकारी दिनुभयो। महाधिवेशनमा ७३५ जना प्रतिनिधि सहभागी रहेका छन्। अधिवेशनबाट नयाँ नेतृत्व चयनको कार्यतालिका रहेको छ।

## गण्डकीमा बजेट लेखनको अन्तिम तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ

गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट लेखन अन्तिम चरणमा पुगेको छ। मन्त्रालयहरूलाई तोकिएको बजेट 'सिलिङ' प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा प्रविष्टि गर्ने काम भइरहेको आन्तरिक मामिला मन्त्रालयले जनाएको छ।

चालु खर्चतर्फको प्रविष्टि भइसकेको र पुँजीगततर्फका योजना तथा कार्यक्रम प्रविष्टिको अन्तिम चरणमा रहेको मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका प्रमुख डिल्लीराम रिज्याललले बताउनुभयो। "आर्थिक विधेयक, विनियोजन विधेयक, मन्त्रालयगत प्रगति विवरण तयार भइसकेको छ भने बजेट वक्तव्य लेखनको काम भइरहेको छ", उहाँले भन्नुभयो, "चालु आवकै हाराहारीमा बजेट आउने सम्भावना छ, सङ्घ सरकारको अनुदानमा हेरफेर भएकाले बजेटको आकार केही तलमाथि हुनसक्छ।"

प्रदेश सरकारले चालु आवका लागि रु ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजारको बजेट ल्याएको थियो। प्रदेशको आन्तरिक स्रोत बढ्न नसक्दा बर्सेनि बजेट निर्माणमा प्रदेश सरकारलाई दबाब पर्ने गरेको छ। प्रदेशभित्रका स्थानीय तह, निजी क्षेत्रलगायत सरोकार भएका पक्षहरूसँग 'प्रि-बजेट' छलफल गरी प्राप्त सुझाव र परामर्शका आधारमा बजेट निर्माणलाई अगाडि बढाइएको महाशाखा प्रमुख रिज्याललले बताउनुभयो।

यसअघि आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले प्रदेशसभामा बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नुभएको थियो। जसमा उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सृजना र गरिबी निवारणमा टेवा पुर्‍याउने नवप्रर्वतन, प्रविधिमैत्री र स्टार्टअप आयोजना तथा कार्यक्रमलाई प्राथमिकताका साथ समेटिएको थियो। यही जेठ १९ गते प्रदेशसभा बैठकमा प्रदेश प्रमुख डिल्लीराज भट्टद्वारा प्रस्तुत प्रदेश सरकारको आगामी आवको नीति तथा कार्यक्रममा पनि कृषि र पर्यटनलाई प्राथमिकता दिइएको छ। नीति तथा कार्यक्रमले प्रभावकारी सेवा प्रवाह, समावेशी विकास, सुशासन र सार्वजनिक उत्तरदायित्व सुनिश्चितता आदिलाई जोड दिएको छ। विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता एवं नीति तथा कार्यक्रमलाई समेटेर बजेट आउने आर्थिक मामिला मन्त्रालयले जनाएको छ। प्रदेशको दोस्रो पञ्चवर्षीय योजनालाई आधार बनाएर बजेटका प्राथमिकता निर्धारण गरिएको महाशाखा प्रमुख रिज्याललले बताउनुभयो। कार्यान्वयनयोग्य र प्रदेशको यर्थाथअनुसारको बजेट ल्याउने तयारी मन्त्रालयको छ। प्रदेश सरकारले असार १ गते बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था छ।

## गणेशमानको २१ औं स्मृति दिवसमा वृक्षारोपण र खाद्यन्य वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २९ जेठ

जनप्रिय बहुमुखी क्याम्पसले संस्थापक क्याम्पस प्रमुख स्व. गणेशमान पालिखेको २१ औं स्मृति दिवसमा क्याम्पस परिसरमा वृक्षारोपण गरी मानव सेवा आश्रमलाई खाद्यन्य वितरण र नगद हस्तान्तरण गरको छ।

संस्थापक क्याम्पस प्रमुख गणेशमान पालिखेको २१ औं स्मृति दिवसका सन्दर्भमा शुक्रबार बोल्दै क्याम्पस सञ्चालक समितिका अध्यक्ष राजेन्द्र पहारीले भने, पालिखे सरको शैक्षिक, राजनीतिक, उद्यमी, व्यावसायिक जीवन कडा परिश्रम र संघर्षले नै सफल भएको बताए। आफ्नो समयको नेतृत्वदायी भूमिका




खेलेका पालिखेले क्याम्पस कै लागि ज्यानको आहुति दिई शिक्षा मै सहादत पाएका क्रान्तिकारी व्यक्तित्व भएको जानकारी दिए। क्याम्पस प्रमुख कृष्णबाबु बरालले जनप्रिय क्याम्पसमा पढ्दा पालिखे सरबाट आफू प्रभावित भएको बताउँदै उनको पदचाप पछ्याई जनप्रियलाई पूर्ण डिजिटलाइज्ड गराउने, प्रविधिमैत्री पठनपाठनको वातारण बनाउने र क्याम्पसलाई थप उचाइमा पुर्‍याउने प्रतिवद्धता गरे। निवर्तमान अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले गणेशमान पालिखेको जीवनी व्यक्तित्वमाथि प्रकाश पार्दै पालिखेले नेपालभरि कै शिक्षा क्षेत्रमा व्यवस्थापन सङ्कायको खाँचो पुष्टि गर्दै काठमाडौं बाहिर पहिलो पटक पोखरामा बिबिए कार्यक्रम ल्याएको स्मरण गरे। पब्लिक क्याम्पस सङ्घको संस्थापक अध्यक्ष भएर मुलुकभरिका सामुदायिक क्याम्पसको स्थापना र सञ्चालनमा पालिखेले गरेको योगदान संझनालायक भएको बताए। पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतम, पब्लिक क्याम्पस प्राध्यापक सङ्घ जनप्रिय एकाइका अध्यक्ष नरेश बराल, कर्मचारी सङ्घ जनप्रिय एकाइका अध्यक्ष देवी पनेरु, पालिखेकी धर्मपत्नी गंगादेवी पालिखे लगायतका वक्ताले क्याम्पसलाई गतिशील र क्रियाशील शैक्षिक संस्थाका रूपमा स्थापित गर्न संस्थापक क्याम्पस प्रमुख पालिखेले जस्तै व्यक्तिगत स्वार्थभन्दा माथि उठेर, क्याम्पसलाई केन्द्रमा राखी कार्यसम्पादन गर्न क्याम्पस प्रशासनलाई सुझाए।

स्वर्गीय पालिखेको संझनामा बिबिए तथा पुस्तकालय भवनलाई गणेशमान पालिखे स्मृति भवन नामाकरण गरिएको छ। पालिखेकी धर्मपत्नी गङ्गादेवी पालिखेले पति गणेशमानको संझनामा परिवारका तर्फबाट ४ लाख रूपैयाँको अक्षयकोष स्थापनाको गरेकी छन्। स्मृति दिवसका सन्दर्भमा क्याम्पस परिसरमा वृक्षारोपण गरी मानव सेवा आश्रम छोरेपाटनमा २२ हजार बराबरको खाद्यन्य र परिवारको तर्फबाट नगद ५ हजार हस्तान्तरण गरिएको उपप्रशासक एकनारायण अर्यालले जानकारी दिए। समुदायले स्थापना गरेको क्याम्पसमा समुदायले दिएको जिम्मेवारी पालिखेले आफ्नो भौतिक शरीर रहँदासम्म इमान्दारितापूर्वक बहन गरे। विश्वविद्यालय अनुदान आयोगबाट दुई पटकसम्म गुणमापन तथा प्रत्ययानको प्रमाणपत्र पाउन र शिक्षा मन्त्रालयबाट दुई पटक मुलुकभरिका सामुदायिक क्याम्पस मध्ये उत्कृष्ट पुरस्कार प्राप्त गर्न सफल क्याम्पसको मेरुदण्डका रूपमा पालिखेले खेलेको भूमिका स्मरण गर्न लायक छ। २०६२ जेठ २९ गते तत्कालीन विद्रोही समूहले गणेशमान पालिखेलाई उनकै निवास अगाडि नागढुङ्गामा गोली हानी हत्या गरेको थियो। शिक्षामै सहादत प्राप्त गरेका कारण सरकारले उनलाई शैक्षिक सहिद घोषणा गरेको हो। कास्की जिल्लाबाट २०२२ सालमा एम.कम. पास गर्ने उनी पहिलो व्यक्ति हुन। २०२३ सालमा पश्चिम जर्मनीबाट औद्योगिक व्यवस्थापनमा स्नातक गरेका पालिखेले २०३० देखि २०३२ सालमा पृथ्वीनारायण क्याम्पसको प्रमुख भएर काम गरेका थिए। २०४६ सालमा स्वेच्छिक अवकाश लिएपछि उद्योगमा होमिएका पालिखेलाई जनस्तरबाट स्थापित जनप्रिय बहुमुखी क्याम्पसको संस्थापक क्याम्पस प्रमुखका लागि प्रस्ताव गरेपछि १४ वर्ष निरन्तर क्याम्पस हाँकेका थिए।

## कांग्रेस क्रियाशील सदस्यता वितरणको म्याद थपियो

**रासस**
काठमाडौं, २९ जेठ

नेपाली कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिक अभियानअन्तर्गत सात लाख ८२ हजार २०९ योग्य सदस्यमध्ये हालसम्म पाँच लाख ३८ हजार ६२२ जनाले वडा सभापतिमार्फत डिजिटल परिचयपत्र प्राप्त गरिसकेका जनाएको छ।

त्यसैगरी, एक लाख ४९ हजार ३०९ सदस्यले स्वयम् अद्यावधिक फाराम पेस गरिसकेका छन्। उनीहरूको विवरण वडा सभापतिमार्फत अद्यावधिक हुने प्रक्रियामा छ।

उक्त पार्टीले केहीबेरअघि जारी गरेको विज्ञप्तिअनुसार क्रियाशील सदस्यता अद्यावधिक गर्न यही जेठ २८ गते राति १२ बजेसम्मको समयसीमा निर्धारण गरिएकामा अर्को सूचना जारी नभएसम्म क्रियाशील सदस्यता वितरणको म्याद बढाइएको छ।

**वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं।**

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गवाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयावाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैंकिङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौ,
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गर,
- स्वदेशमा पैसा पठाउँदा बैंकिङ माध्यमको प्रयोग गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ३४५ जना श्रम तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई शैक्षिक सामग्री

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

पोखरा उद्योग वाणिज्य संघअन्तर्गत रहेको सामाजिक विकास केन्द्रले श्रम तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरुलाई शैक्षिक सामग्री प्रदान गरेको छ।

बालश्रमविरुद्धको विश्व दिवसको छेकोमा सामाजिक विकास केन्द्रले संचालन गरिरहेको जीविकोपार्जन तथा शिक्षा परियोजनाको माध्यमबाट ३४५ जना विद्यार्थीहरुलाई विद्यालय पोसाक अनि झोलासहितको शैक्षिक सामग्री प्रदान गरेको हो । सामाजिक विकास केन्द्रको सो अभियानमा किडासाको आर्थिक सहयोग प्राप्त भएको छ भने पोखरा महानगरपालिकाले समन्वय गरेको छ । शुक्रबार आयोजित कार्यक्रममा पोखरा महानगरपालिकाका शैक्षिक महाशाखा प्रमुख हेमप्रसाद आचार्य,नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की,पूर्वअध्यक्ष राजेन्द्रकुमार



लालचन,किडासाका परियोजना अधिकृत रमेश बास्तोला,संघका पदाधिकारीसहितलेविद्यार्थीहरुलाई शैक्षिक सामग्री हस्तान्तर गरेका महासचिव शोभा गौतमले जानकारी दिइन् ।

पोखरा उद्योग वाणिज्य संघले २०५६ सालदेखि बालश्रममुक्त समाजका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । सामाजिक उत्तरदायित्वबहन गर्दै संघले विपन्न र जोखिममा रहेका बालबालिकाका लागि शिक्षाको प्रबन्धसहित उनीहरुका परिवारको आर्थिक समुन्नतिका लागि विभिन्न सीपमूलक कार्यक्रम संचालन गर्दै आइरहेको संघकी महासचिव गौतमको भनाइ छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले श्रमिकको रुपमा काम गरिरहँदा पनि अभिभावकले आफ्ना नानीबाबुहरुको समुन्नत भविष्यको लागि काम गर्नुपर्ने बताए । 'श्रमिक भएर काम गरिरहँदा पनि बालबालिकाको भविष्यलाई बन्धक नबनाउनु होला,'उनले भने,'बालबालिकालाई भोलिका दिनमा दक्ष श्रम गर्नसक्ने बनाउनेतर्फ ध्यान दिनुहोला ।'

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले संघले संचालन गरेको कार्यक्रमले श्रममा रहेका बालबालिकालाई लाभ पुगेको र यो अभियानमा अन्य संघ/संस्थाको पनि सहयोग जरुरी रहेको बताए । उनका अनुसार पोखराका सवैजसो वडामा रहेका विद्यार्थीहरुलाई उनीहरुको आवश्यकताको आधारमा शैक्षिक सामग्री प्रदान गरिएको जानकारी दिए । सो अवसरमा संघले संचालनमा ल्याएको परियोजनाअन्तर्गत विभिन्न विद्यालयबाट यो वर्ष एसइई उत्तीर्ण हुने १७ जना विद्यार्थीहरुलाई पनि सम्मान गरिएको थियो । यस्तै, बालश्रमविरुद्धको विश्व दिवसकै अवसरमा आयोजना गरिएको चित्रकला प्रतियोगितामा उत्कृष्ट हुनेलाई पनि सो अवसरमा पुरस्कार वितरण गरिएको थियो । संघले संचालनमा ल्याएका विभिन्न सिकाइ केन्द्रमा रहेका ३५ जना बालबालिकाबीच भएको प्रतियोगितामा प्रवेश थापा मगर प्रथम,सिमरन गायक द्वितीय,भूमिका क्षेत्री तृतीय र सुमन परियार तथा सन्ध्या परियारले सान्त्वना स्थान प्राप्त गरेका परियोजना प्रमुख सफल बरालले जानकारी दिए ।



सडक सौन्दर्यकरण गर्दिँदैः कास्कीको पोखरा महानगरपालिका-२९ स्थित पावर हाउस सैनिक बस्ती क्षेत्रमा पृथ्वी राजमार्ग अन्तर्गत मुग्लिङ-पोखरा सडक खण्डको सौन्दर्यीकरणका क्रममा रङरोगन गर्दै कामदार । तस्बिरः देवेन्द्र गुरुङ/रासस

# पोखरामा साइकलको प्रयोग बढाउन सुझाव

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

विश्व साइकल दिवस तथा विश्व वातावरण दिवसको अवसर पारेर साइकल सिटी पोखराले पोखरामा स्वास्थ्य, वातावरण संरक्षण र दिगो पर्यटन प्रवर्द्धनका लागि विविध कार्यक्रम आयोजना गरेको छ । "साइकल चलाऔं, स्वस्थ रहौं, पृथ्वी बचाऔं" भन्ने मूल नारासहित हाले पोखरामा सम्पन्न भएको कार्यक्रम अन्तर्गत शैक्षिक सहयोग, वृक्षारोपण तथा वृहत साइकल र्‍याली आयोजना गरिएको संस्थाले जनाएको छ ।

संस्थाका अध्यक्ष श्यामकृष्ण श्रेष्ठ का अनुसार डिहिको पाटन क्षेत्रमा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई शैक्षिक सामग्री तथा विद्यालय पोशाक वितरण गरिएको थियो ।

उक्त कार्यक्रममार्फत विद्यार्थीहरूको शैक्षिक यात्रामा सहयोग पुऱ्याउने उद्देश्य राखिएको उनले बताए । यसैगरी पोखरा-६ लेकसाइडस्थित डिहिको पाटन क्षेत्रमा फलफूल तथा फूलका बिरुवा रोपण गरिएको छ वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित कार्यक्रममा विभिन्न प्रजातिका बिरुवा रोपिनुका साथै गार्डेनमा आउने आगन्तुकहरूको



सुविधाका लागि गार्डेन चेयरसमेत हस्तान्तरण गरिएको संस्थाले जनाएको छ । त्यस्तै मानव अधिकार चोकबाट वृहत साइकल र्‍याली आयोजना समेत गरियो । उक्त र्‍याली पृथ्वीचोक, बिरौटाचोक,सिर्जनाचोक,सिद्धार्थ चोक, नालामुख, मोहरिया टोल, पुरानो टुँडिखेल, हरिचोक हुँदै मुझखेतस्थित रिभर भ्याली रिसोर्ट, हेम्जामा पुगेर समापन भएको थियो ।

अध्यक्ष श्रेष्ठले पछिल्लो समय विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भइरहेको अवस्थामा वैकल्पिक र वातावरणमैत्री यातायातका रूपमा साइकलको प्रयोग बढाउनुपर्ने आवश्यकता औंल्याए । उनले विद्युतीय सवारीसाधनको प्रयोग बढ्दै गए पनि साइकल सबैभन्दा सस्तो, स्वास्थ्यवर्द्धक र वातावरणमैत्री साधन भएकाले यसको प्रयोगलाई प्राथमिकता दिनुपर्ने बताए । उनले पोखरामा साइकल प्रयोगकर्ताको संख्या क्रमशः बढ्दै गएको दाबी गर्दै साइकलमैत्री पूर्वाधार निर्माणमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने बताए । "पोखरामा केही स्थानमा साइकल लेन र साइकल स्ट्यान्ड निर्माणको सुरुवात भए पनि त्यसको विस्तार र प्रभावकारी प्रयोग अझै हुन सकेको छैन," उनले भने, "पर्यटनको सहर पोखरालाई वास्तविक साइकल सिटीका रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गर्नुपर्छ ।" साइकल सिटी पोखराले आयोजना गरेका यी कार्यक्रमहरूले स्वस्थ जीवनशैली, वातावरण संरक्षण र दिगो पर्यटन विकासको सन्देश प्रवाह गर्नुका साथै साइकल संस्कृतिको प्रवर्द्धनमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# कास्कीको नवौं जिल्ला सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

कास्की को नवौं जिल्ला सभा शुक्रबार सम्पन्न भएको छ। सभाको गण्डकी प्रदेश सभाका सदस्यहरू प्रकाश बराल, देवका पाहारी, नन्दकला नेपालीले संयुक्त उदघाटन उद्धाटन गर्नु भएको थियो।

सो क्रममा प्रदेश सभा सदस्य प्रकाश बरालले जिल्ला समन्वय समिति बर्तमान कानुनि ब्यबस्था अनुसार, प्राप्त अधिकारको उच्चतम सदुपयोग मार्फत प्रभावकारी कार्य सम्पादनमा तल्लिन रहेको भन्दै यसको थप मजबुतिकरणका सन्दर्भमा कानुन निर्माण र अन्य ब्यबस्थापनका बिषयमा प्रयत्नशिल रहने उल्लेख गर्नुभयो ।

प्रदेश सभा सदस्य देवका पाहारीले सदन मार्फत जिससहरूको भूमिकालाइ थप शसक्त बनाउनुपर्ने उल्लेख गर्दै त्यसका लागि पहलकदम लिने उल्लेख गर्नुभयो।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले तीनै तहको सरकारको प्रतिनिधित्व गरी विकास समन्वय, सहजीकरण, अनुगमन जस्ता कार्यभार सुम्पिएको राजनीतिक इकाइको रुपमा रहेको जनप्रतिनिधिमुलक संस्था जिल्ला समन्वय समिति



माथि अनेक वाहानामा विभिन्न कोणबाट प्रश्न उठाउने काम भएको भन्दै प्रत्येक जिल्ला वासीको भौगोलिक पहिचानसंग जोडिएको जिल्लाको चिनारी वा अस्तित्वलाइ कमजोर बनाउने र जन प्रतिनिधीहरुलाइ निरुत्साहित गर्ने कार्य प्रति जिल्ला सभाले खेद व्यक्त गरेको उल्लेख गर्नुभयो।

प्रमुख पौडेलले अनुसार संविधान संसोधनका समयमा जिससको भूमिकालाइ अझै थप प्रभावकारी बनाउन, नेपाल सरकार कार्य विस्तृतीकरण प्रतिवेदन पुनरावलोकन गर्दा जिल्ला समन्वय समिति महासंघको प्रतिनिधित्वको व्यवस्था अनिवार्य बनाउन, अधिकार, कर्तव्य र कार्यलाइ अझ स्पष्ट पार्न, समन्वयकारी भूमिकालाइ सुदृढ गर्न, अनुगमन तथा मूल्यांकन कार्यलाइ व्यवस्थित बनाउन, विवाद समाधान संयन्त्रका रुपममा विकास गर्न जिल्ला सभाले माग गरेको छ । त्यसैगरी कानूनी आधार सहित भूमिका दिइ योजना तथा विकास समन्वय केन्द्र बनाउन, जिल्ला तथ्यांक तथा सूचना केन्द्र स्थापना गर्न, नियमित क्षमता अभिवृद्धि कार्यक्रम, भ्रष्टाचार रहित समाज सिर्जाना गर्न, सुशासन र जवाफदेहिताको प्रवर्द्धन गर्न, ठूला योजनामा सार्वजनिक सुनाइ साथै सामाजिक परीक्षणको शर्मा गरी सुशासनमा सहयोग पुर्याउन संघीय संसदका सदस्यहरुलाइ जिल्लामा रहेका विकास निर्माण तथा समस्याका वारेमा छलफल र सूचना प्रवाहका लागि जिल्ला समन्वय समितिमा मुख्य सम्पर्क कार्यालय स्थापना गर्न पर्ने जिल्ला सभाले औंल्याएको छ। संघ प्रदेश र स्थानीय तह वीचको प्रभावकारी पुल, विकास समन्वयकर्ता र अनुगमनकारी संस्थाकारुपमा थप सुदृढ गर्ने गरी संविधान संसोधन गर्न जिल्ला समन्वय समिति कास्कीको नवौं जिल्ला सभाले जोडदार माग गरेको छ। कार्यक्रममा प्रदेश सभा सदस्य गणेशमान गुरुङ, नन्दकला नेपाली, पोखरा महानगर पालिकाका मेयर धनराज आचार्य, तत्कालीन जिल्ला बिकास समिति कास्कीका सभापति पुण्य प्रसाद पौडेल, कास्कीका पूर्व प्रमुख बैन बहादुर अधिकारी क्षेत्री, कास्कीका प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरुङ, पोखरा महानगर पालिकाका प्रमुख कार्यकारी अधिकृतमुक्तिराम अर्याल, एमाले कास्कीका उप सचिब सन्तु सुबेदी, नेपाली कम्युनिस्ट पार्टीका खड्ग हमाल, रा प्र पा का नारायण गुरुङ, लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष जानुका अधिकारी, पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की, पोखरा चेम्बर अफ कमर्सका अध्यक्ष उमाराज बास्तोला, नेपाल रेडक्रस कास्कीका अध्यक्ष उर्मिला खड्का, जिसस तनहुँका उप प्रमुख बासुदेब थापा गैर सरकारी संस्था महासंघ कास्कीका अध्यक्ष इन्दिरा पौडेल सहितले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो । सभाले आगामी बर्ष २०८३/८४ को बार्षिक नीति तथा कार्यक्रम समेत पारित गरेको छ । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न सभामा स्वागत उप-प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो।

# कांग्रेस बलियो भए मात्र लोकतन्त्र बलियो हुन्छः नेता डा कोइराला

रासस
काठमाडौं, २९ जेठ

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले नेपाली कांग्रेस बलियो भएमा मात्र लोकतन्त्र बलियो हुने बताउनुभएको छ ।

गिरिजाप्रसाद कोइराला लेबर फाउण्डेशनद्वारा विराटनगरमा आयोजित श्रमिकलाई दिने व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी सचेतना तालिमको शुक्रबार उद्घाटन गर्दै नेता डा कोइरालाले पार्टी बलियो भएमा संविधानको कार्यान्वयन र लोकतन्त्र मजबुत हुने धारणा राख्नुभयो ।

नेता डा कोइरालाले पार्टीको विशेष महाधिवेशनपछि पार्टीभित्र देखिएको तिक्तता हटाउन पार्टीमा बृहत एकता आवश्यक रहेको चर्चा गर्नुभयो । उहाँले पार्टी सङ्गठित बनाउन आफू एकता अभियानमा लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले सङ्घीय संसद्मा सङ्ख्यात्मक रुपमा काँग्रेस कमजोर अवस्थामा रहेकाले पार्टीलाई एक ढिक्का बनाएर लैजानुको विकल्प छैन ।" नेता डा कोइरालाले पार्टीमा के कारणले विवाद आयो, त्यो विषयमा नेतृत्व तहले सबैसँग बसेर वार्ता एवं छलफलबाट समाधान खोज्नु जरुरी रहेको बताउनुभयो ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


# ट्रेड युनियन खारेज विरुद्धको रिटमा अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार

रासस
काठमाडौं, २९ जेठ

ट्रेड युनियन खारेज गर्ने निर्णय विरुद्ध परेको रिट निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेको छ।

प्रधान न्यायाधीश डा मनोजकुमार शर्मा, न्यायाधीशहरु डा नहकुल सुवेदी, विनोद शर्मा, अब्दुल अजीज मुसलमान र महेश शर्मा पौडेलको संवैधानिक इजलासमा यही जेठ २० गते सुरु भएको सुनुवाइ आज सकिएपछि यसअघि दिएको अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेको हो। अदालतको आदेशसँगै ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयन गर्न सरकारलाई बाटो खुलेको छ।

यसअघि, गत वैशाख २८ गते तत्कालीन कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरु कुमार रेग्मी, हरिप्रसाद फुयाल, विनोद शर्मा र शारङ्गा सुवेदीको संवैधानिक इजलासमा सुनुवाइ गर्दै राय बाझी आदेश गरेको थियो। तत्कालीन कायममुकायम प्रधानन्यायाधीश मल्ल, न्यायाधीशहरु रेग्मी र फुयालले सरकारको उक्त निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गर्नुभएको थियो भने न्यायाधीशहरु विनोद शर्मा र शारङ्गा सुवेदीले भने फरक मत राख्दै अपूरणीय क्षति नपुग्ने भएकाले अल्पकालीन आदेश दिने विषयमा सहमति नभएको जनाउनुभएको छ।

अदालतले यस विवादमा दुवै पक्षलाई छलफलका लागि बोलाउँदै महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनेको थियो । नेपाल निजामती कर्मचारी सङ्गठन केन्द्रीय कार्य समितिको तर्फबाट अख्तियार प्राप्त अध्यक्ष भवानी दाहालसमेतले राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाइ ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न आदेशको माग गरिएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# घट्दो विद्यार्थी संख्या रघुगंगाको मुख्य शैक्षिक चुनौति

सन्तोष गौतम
म्याग्दी, २९ जेठ/रासस

घट्दो विद्यार्थी संख्या म्याग्दीको रघुगंगा गाउँपालिकाको मुख्य शैक्षिक चुनौति बनेको छ। आठ वडा रहेको रघुगंगामा एक वटा कक्षा १२ र नौ वटा कक्षा १० सम्म पठनपाठन हुने सहित ३३ सामुदायिक र भगवतिमा एक निजी विद्यालय छन् । गाउँपालिकाको शिक्षा शाखाको अभिलेख अनुसार सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८२ मा एक हजार नौ सय ३० जना विद्यार्थी भर्ना भएका थिए।

नौ विद्यालयमा दूइ अंक भन्दा कम र १५ मा तीन अंक भन्दा कम विद्यार्थी संख्या छ । तीन अंक भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालय चार वटा मात्र छन् । शैक्षिक सत्र २०८३ को जेठ तेस्रो सातासम्म रघुगंगाका सामुदायिक विद्यालयमा एक हजार तीन सय नौ जना विद्यार्थी भर्ना भएका शिक्षा शाखाका प्रमुख नहेन्द्रबहादुर क्षेत्रीले बताउनुभयो । “यस वर्ष छ सय ४९ जना छात्रा र छ सय ६० जना छात्र भर्ना भएका छन् । यो संख्या केही बढ्ने भएपनि गत वर्षको हाराहारीमा नपुग्ने अनुमान गरेका छौ,” उहाँले भन्नुभयो “यस वर्ष बालकक्षामा भर्ना हुने छात्रा ९० जना र छात्र एक सय २४ जना छन् । गत वर्ष एक सय १९ छात्रा र एक सय ३८ जना छात्र बालकक्षामा भर्ना भएका थिए ।”

बसाइँसराइ, वैदेशिक रोजगारीका कारण परिवार बाहिरिनु, निजी विद्यालयप्रतिको आकर्षण तथा जन्मदरमा आएको कमीका कारण विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको रघुगंगा गाउँपालिका-७ मा रहेको अमर माविका पुर्व प्रअ पृथ थापाले बताउनुभयो । “पहिले एउटै घरमा पाँच/सात जना सम्म बच्चा हुन्थ्ये, अहिले मुस्किलले एक/दुई जना बच्चा जन्मिएपनि बजार झरिहाल्ने प्रवृत्ति बढेको छ,” उहाँले भन्नुभयो “पहिलेका तुलनामा सुविधायुक्त भवन लगायत पूर्वाधार र प्रबिधीको प्रयोग गरेर पठनपाठन गराउन थालेपनि गाउँका विद्यालयमा विद्यार्थी टिकाउन गाहे भएको छ।

**कम विद्यार्थी भएका विद्यालय**

रघुगंगा गाउँपालिका-१ बादुकमा रहेको श्रीकृष्ण आधारभूत विद्यालयमा यस वर्ष विद्यार्थी संख्या शून्यमा झरेको छ । गत वर्ष बालकक्षामा ४ जना विद्यार्थी थिए । भएका विद्यार्थी अन्यत्र गएका र नयाँ विद्यार्थी भर्ना हुन नआएपछि उक्त विद्यालय नाममा मात्र सिमित भएको छ।

कक्षा ८ सम्म पठनपाठन हुने श्रीकृष्ण आधारभूत तहघटुवा हुदै बन्द हुने अवस्थामा पुगेको हो । कुइने आधारभूतमा दुई जना, जनसुन्दर आधारभूतमा तीन जना, सुन्दर आधारभूतमा दुई जना, सिद्ध आधारभूतमा पाँच जना, जनसेवा आधारभूतमा सात जना, रघुगंगा आधारभूतमा सात र चिमखोला आधारभूतमा छ जना विद्यार्थी रहेका छन् । सबैभन्दा बढी मुक्तिधाम माविमा दुई सय ८० जना विद्यार्थी छन् । वि.स. २००६ मा स्थापना भएको मुक्तिधाम मावि म्याग्दीकै पुरानो मध्यको विद्यालय हो।



मुक्तिधाम माविमा भगवति, बेग, पिप्ले, दग्नाम सम्मका विद्यार्थी पढ्न आउँदा सात सय जना भन्दा धेरै विद्यार्थी हुन्थ्यो । मुक्तिधाम माविका प्रअ अमर केसीका अनुसार गत वर्ष तीन सय १४ विद्यार्थी रहेको उक्त विद्यालयमा २०८१ मा तीन सय ७४ जना थिए । केही विद्यार्थीहरु बाहिरबाट भर्ना हुन आएपनि धेरै विद्यार्थीहरु पोखरा, बेनी जाने क्रम बढेको छ । बसाईसराई र सेवा क्षेत्रका आधारभूत विद्यालयले तल्लो तहका विद्यार्थी ‘होल्ड’ गर्दा विद्यार्थी संख्या कम भएको प्रअ केसीको भनाई छ। बालीविज्ञान, कम्प्युटर, प्रयोगशाला र छात्रावास सुविधाले पनि विद्यार्थी आकर्षित गर्न नसकेकोमा उहाँले चिन्ता ब्यक्त गर्नुभयो । रघुगंगा गाउँपालिकाले उक्त विद्यालयको कृषि प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुका लागि पक्की छात्रावास भवन निर्माण गरिदिएको छ। छात्रावास भवनलाई प्रयोगमा ल्याउन पहल र सहजिकरण आवश्यक छ । मुक्तिधाम माविमा गाउँपालिकाले विद्यालयमा सभाहल भवन पनि निर्माण गरिदिएको छ । गाउँपालिकाले रघुगंगा-७ मा रहेको चिमखोला आधारभूत विद्यालयको भवन बनाउन यस वर्ष रु. ४० लाख बजेट बिनियोजन गरेको थियो । भवन निर्माण अन्तिम चरणमा रहेको उक्त विद्यालयमा विद्यार्थी संख्या जम्मा छ जना रहेको छ।

**एसइई केन्द्र विहीन**

सरकारले तोकेको मापदण्ड र संख्या अनुसार विद्यार्थी नभएपछि २०८२ को माध्यमिक शिक्षा परिक्षा (एसइईमा) रघुगंगा गाउँपालिकाको एसईई परिक्षा केन्द्र बेनीमा सरेको छ । यसअघिको वर्षमा रघुगंगाका विद्यार्थीहरुको लागि मुक्तिधाम माविमा एसईइ परिक्षा केन्द्रको ब्यवस्था थियो । दुई सय भन्दा बढी विद्यार्थी संख्या हुनुपर्ने मापदण्डका कारण रघुगंगाको एसइई परिक्षा केन्द्र बेनीमा झरेको हो । रघुगंगाका १० माध्यमिक विद्यालययका एक सय ७३ जना विद्यार्थीले २०८२ को माध्यमिक शिक्षा परिक्षा एसईईमा भाग लिएका थिए। यस मध्ये एक सय ६३ जना ‘ग्रेडेड’ भएका छन् । कालिका मावि, महादेव मावि, रघुगंगा मावि, ज्ञानोदय मावि र महेन्द्र मावि भिँeले यस वर्ष सतप्रतिशत नतिजा ल्याएका छन्। मुक्तिधाम माविकी रेजिना भण्डारी प्राबिधिक धारतर्फ जिल्ला प्रथम हुनुभएको छ।

२०८१ को माध्यमिक परिक्षामा एक सय ४३ जनाले सहभागिता जनाएकोमा ८८ जना ग्रेडेटेड भएका थिए। गत वर्षको तुलनामा २०८२ को नतिजामा सुधार आएको शिक्षा शाखाका प्रमुख नहेन्द्र क्षेत्रीले बताउनुभयो।

**सुधारको प्रयास**

गाउँपालिकाले वर्तमान शैक्षिक अवस्थाको विष्लेषण, आवश्यकता पहिचान र सुधारका कार्ययोजना सहित पञ्चवर्षीय शिक्षा योजना तयार पारेको छ । योजनाकै आधारमा विद्यालयका भौतिक संरचना निर्माण, प्रबिधिको विस्तार, शिक्षकहरुको क्षमता विकास, शैक्षिक गुणस्तर सुधार, विद्यालय समायोजन, दरबन्दी मिलान र शिक्षक व्यवस्थापनको काम थालिएको गाउँपालिकाका अध्यक्ष भबबहादुर भण्डारीले बताउनुभयो । “गुणस्तरीय शिक्षा, प्रविधिमैत्री सिकाइ र विद्यालयको आकर्षण बढाउन जोड दिएका छौ,” उहाँले भन्नुभयो “विद्यालयको भौतिक पूर्वाधार सुधार, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ, शिक्षक क्षमता अभिवृद्धि, शैक्षिक सामग्री व्यवस्थापन, अतिरिक्त क्रियाकलाप प्रवर्द्धन तथा विद्यालय अनुगमनलाई प्राथमिकतामा राखेका छौ।” अध्यक्ष भण्डारीका अनुसार वार्षिक शैक्षिक योजना बनाएर कक्षागत पठनपाठनलाई पनि एकरुपता ल्याउने प्रयास भएको छ। माविका प्रअहरुलाई मासिक रु. एक हजार र आधारभूतका प्रअलाई मासिक रु. सात सयका दरले प्रोत्साहन भत्ता दिने ब्यवस्था मिलाइएको छ।

विद्यालयको प्रशासनिक खर्चका लागि वार्षिक आधारभूतलाई रु. १० हजार र माविलाई रु. १५ हजारका दरले अनुदान दिने गरिएको छ । एसइई नतिजाको आधारमा उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षक छनौट गरि पुरस्कृत गरिएको छ। बालविकास सहजकर्ताहरुका लागि पारिश्रमिकमा पालिकाले रकम थप गरेको छ । विद्यार्थी अभाव भएका विद्यालय समायोजन र कक्षा घटुवा गर्ने प्रक्रियाको थालनी भएको छ। कक्षा १, २ र ३ को स्थानीय पाठ्यक्रममा आधारित पुस्तक तयार र मगर बाहूल्य बस्तिका १४ वटा विद्यालयमा यस वर्षदेखि कक्षा १ मा मगर खाम भाषामा पठनपाठन शुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेलले बताउनुभयो। “विद्यालय समायोजन, स्रोतको प्रभावकारी परिचालन तथा विषयगत शिक्षक व्यवस्थापनमार्फत शिक्षण सिकाइको गुणस्तर सुधार गर्ने प्रयास भइरहेको छ,” उहाँले भन्नुभयो “विद्यार्थी संख्या न्यून भएका विद्यालयको अवस्थाबारे अध्ययन गरी आवश्यकतानुसार व्यवस्थापन गर्ने नीति लिइएको छ।” गाउँपालिकाले विद्यालयमा डिजिटल प्रविधिको प्रयोग विस्तार गर्ने, अंग्रेजी माध्यम तथा प्राविधिक शिक्षालाई प्रवर्द्धन गर्ने, बालविकास केन्द्रलाई थप प्रभावकारी बनाउने, विद्यालय र समुदायबीचको सहकार्य सुदृढ गर्ने तथा शिक्षकको पेशागत विकासमा लगानी बढाउन आवश्यक छ। स्थानीय तह, विद्यालय, अभिभावक र समुदायबीचको सहकार्यलाई प्रभावकारी बनाउन सके घट्दो विद्यार्थी संख्या र गुणस्तरीय शिक्षासम्बन्धी चुनौतीको सामना गर्न सहज हुने अपेक्षा गरिएको छ।

# बाख्राले दिलाएको सम्मान र सन्तुष्टि

पोखरापत्र संवाददाता
म्याग्दी, २९ जेठ



यहाँको रघुगङ्गा गाउँपालिका-३ राहुघाटका भरत मल्लले पोर्चुगलको (पिआर) स्थायी बसोबासको सुविधा त्यागेर जन्मथलोमा बाख्रापालन गर्नुभएको छ।

विसं २०७६ देखि करिब २०८० सम्म पोर्चुगलमा बसेका ६३ वर्षीय मल्लले जन्मथलो फर्किएर पुरानै बाख्रापालन व्यवसायलाई निरन्तरता दिनुभएको हो। छोराछोरी विदेशमै बसे पनि आफूलाई जन्मथलोकै व्यवसाय सम्मानजनक लागेर फर्किएको बताउनुभयो।

“पहिले साउदीबाट आएर राहुघाटमा जग्गा किनेर बाख्रा र कुखुरापालन गरेको थिएँ”, उहाँले भन्नुभयो, “छोराछोरीले पोर्चुगल बोलाएपछि करिब १४-१५ महिना त्यहाँ बसेँ, घुमे । पिआर कार्ड पनि बनाएँ । घर आएपछि फर्किएर पोर्चुगल जान मन लागेन । सम्मान र सन्तुष्टिका लागि बाख्रापालनलाई निरन्तरता दिएको हो ।” पोर्चुगल जानुअघि मल्लले २०६८ सालमा रघुगङ्गा बाख्रा तथा कृषि फार्म स्थापना गरेर बाख्रा, कुखुरापालन, मासु पसल सञ्चालन गर्दै आउनुभएको थियो। हाल ९१ वटा बाख्रा भएको मल्लको फार्मबाट वार्षिक २५ देखि ३० वटा खसीबोका बिक्री हुन्छ। खसीबोकाकै हाराहारीमा पाल्नका लागि उन्नत जातका पाठापाठी पनि किसानले लैजाने गरेका छन् । उहाँको फार्ममा स्थानीय जमुनापारी, सिनाल र बोयर जातका बाख्रा छन् । फार्ममा उहाँका परिवारका दुई जना सदस्यबाहेक थप दुई जनालाई रोजगारी दिनुभएको छ।

मासुका लागि प्रतिकिलो रु छ सय र नश्ल सुधार गरेका पाठापाठीलाई प्रतिकिलो रु आठ सयदेखि एक हजारका दरले गोठबाटै बिक्री हुने गरेको मल्लले बताउनुभयो । उहाँका अनुसार फार्ममा करिब रु ५० लाखभन्दा बढी लगानी भएको छ । उहाँले घरवरपर प्रशस्त पाखोबारी भएकाले चरनमा आधारित बाख्रापालन गर्नुभएको छ। खोरभित्र उमेर समूहअनुसार पाठापाठी, माउ बाख्रा, खसीबोका राख्ने छुट्टाछुट्टै कोठा छन् । गलेश्वर र बेनी उहाँले उत्पादन गरेका खसीबोकाको बजार हुन्। व्यापारी गोठमै आएर खसीबोका किनेर लैजान्छन्।

विदेशमा स्थायी बसोबासको अवसर हुँदाहुँदै पनि मल्लले जन्मथलो फर्केर बाख्रापालनलाई निरन्तरता दिएकाले कृषि क्षेत्रमा अवसर र आत्मसन्तुष्टि दुवै प्राप्त गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत भएको छ । स्थानीय स्रोतसाधन, पाखोबारी र चरनको सदुपयोग गरेर रोजगारी सृजना, आयआर्जन र उद्यमशीलता विकास गर्न सकिने उहाँको सन्देश छ । “युवापुस्तासहित वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई स्वदेश फर्केर उत्पादनमुखी क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने मेरो प्रयास हो”, मल्लले भन्नुभयो, “विदेशको सुविधाभन्दा आफ्नै गाउँमा कृषि उद्यमबाट प्राप्त हुने सम्मान, आत्मसन्तुष्टि र आत्मनिर्भरता ठूलो हुने महसुस गरेको छु।”

# विश्वकप फुटबल खेलमा मेक्सिको र दक्षिण कोरियाको जित

रासस
काठमाडौं, २९ जेठ

मेक्सिकोले दक्षिण अफ्रिकालाई हराउँदै फिफा विश्वकप फुटबल २०२६ को उद्घाटन खेलमा सुखद् सुरुआत गरेको छ। मेक्सिकोको सिटी रङ्गशालामा शुक्रबार भएको खेलमा घरेलु टोली मेक्सिकोले दक्षिण अफ्रिकालाई २-० गोलअन्तरले पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको हो।

मेक्सिकोका लागि जुलियन क्विनोनेस र राउल जिमेनेजले समान एक-एक गोल गरे। खेल सुरुआतको नवौं मिनेटमा जुलियन क्विनोनेसले गोल गर्दै मेक्सिकोलाई सुरुआती अग्रता दिलाए । इरिक लिराले दिएको पासलाई सदुपयोग गर्दै जुलियनले गोल गरेका हुन् । खेलको ४९औँ मिनेटमा दक्षिण अफ्रिकाका सेफेलो सिथोलले पहिलो रातो कार्ड पाउँदै मैदानबाट बाहिरिएपछि दक्षिण अफ्रिका १० खेलाडीमा सीमित बन्यो । त्यसपछि खेलको ६७औँ मिनेटमा राउल जिमेनेजले गोल गर्दै मेक्सिकोको अग्रता दोब्बर बनाए । खेलको ८४औँ मिनेटमा दक्षिण अफ्रिकाका अर्का खेलाडी थेम्बा ज्वानेले रातो कार्ड पाए। त्यसपछि दक्षिण अफ्रिका नौ खेलाडीमा सीमित बन्यो। खेलको दोस्रो हाफको अतिरिक्त समयमा मेक्सिकोका सेजर मोन्टेसले पनि रातो कार्ड पाएर मैदान बाहिरिए।

विश्वकपको उद्घाटन खेलमा तीन खेलाडीले रातो कार्ड पाउँदै मैदानबाट बाहिरिए। यस जितसँगै समूह ‘ए’मा रहेको मेक्सिकोले शीर्ष तीन अङ्क बटुलेको छ। फिफा विश्वकप फुटबल प्रतियोगिता-२०२६ अन्तर्गत समूह ‘ए’ को दोस्रो खेलमा दक्षिण कोरियाले चेक रिपब्लिकलाई पराजित गरेको छ । मेक्सिकोको ग्वाडालजारा रङ्गशालामा शनिबार भएको खेलमा दक्षिण कोरियाले चेक रिपब्लिकविरुद्ध २-१ गोलअन्तरको जित निकाल्दै प्रतियोगितामा सुखद सुरुआत गरेको हो । दक्षिण कोरियाका लागि हवाङ इन बोम र ओ ह्युन ग्युले समान एक/एक गोल गरे। चेक रिपब्लिकका लागि भने लाडिस्लाभ क्रेज्चीले एक गोल फर्काए । खेलमा पहिलो अग्रता भने चेक रिपब्लिकले लिएको थियो । खेलको ५९ औँ मिनेटमा लाडिस्लाभले गोल गर्दै आफनो टोलीलाई पहिलो अग्रता दिलाए । चेक रिपब्लिकको १-० गोलको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको ६७औँ मिनेटमा दक्षिण कोरियाले बराबरी गोल फर्कायो। दक्षिण कोरियाका हवाङले गोल गर्दै टोलीलाई पहिलो अग्रता गरे भने खेललाई एक/एक गोलका बराबरीमा ल्याए। त्यसैगरी, दक्षिण कोरियाका अर्का खेलाडी ओ ह्युनले खेलको ८०औं मिनेटमा गोल गर्दै टोलीलाई दोस्रो अग्रता दिलाए। त्यसपछि खेलमा गोल हुन सकेनन र अन्ततः दक्षिण कोरियाले चेक रिपब्लिकमाथि २-१ को जित हासिल गर्‍यो । जितसँगै दक्षिण कोरियाले शीर्ष तीन अङ्क बटुल्दै अङ्क तालिकाको दोस्रो स्थानमा छ।

# घरदैलोमा राहदानी पाउँदा नागरिकलाई सहज

पोखरापत्र संवाददाता
वालिङ, २९ जेठ

पछिल्लो समय यहाँका सेवाग्राहीको हुलाकसँग विश्वास बढ्दै गएको छ।

यहाँस्थित इलाका हुलाक कार्यालय र जिल्ला हुलाक कार्यालयले जनताका घरघरमा राहादानी पुर्‍याउन थालेपछि हुलाकसँग स्याङ्जावासीको विश्वास बढेको हो।

नेपाल सरकारको शासकीय सुधारसम्बन्धी एक सयदिने कार्यक्रमअन्तर्गत गृह मन्त्रालय हुँदै जिल्ला प्रशासन कार्यालयबाट हुलाकमा राहदानीहरू पठाउने र हुलाक कार्यालयमार्फत घरदैलोमै राहादानीलगायत अन्य जनताका आवश्यक कागजाज पुर्‍याउन थालिएको स्याङ्जाका प्रमुख हुलाक अधिकृत गुरुप्रसाद मरासिनीले जानकारी दिनुभयो।

हुलाकको यो सेवा सरल, सहज र सर्वसुलभ भएकाले पछिल्लो समय हुलाकप्रति नागरिकहरूको आकर्षण बढ्दै गएको छ । स्याङ्जाको पुतलीबजार नगरपालिका-१३ हल्लेखोलाकी मञ्जु रानामगर, हरिनास गाउँपालिका-१ सालडाँडाकी भविसरा थापा, अर्जुनचौपारी गाउँपालिका-१ का खुतबहादुर क्षेत्रीले केही दिनअघि हुलाकका कर्मचारीमार्फत घरमै राहदानी पाउँदा खुसी लागेको बताउनुभयो । जिल्ला प्रशासन कार्यालय स्याङ्जा र जिल्ला हुलाक कार्यालय स्याङ्जाबीच वैशाख २८ गते सेवाग्राहीका घरमै पुगी सेवाग्राहीलाई राहादानी हातमा नै दिने सम्झौता भएको थियो।

# नेपाली विभागको पर्यावरणीय सचेतता गोष्ठी

पोखरापत्र संवाददाता
पोखरा, २९ जेठ

कुनै पनि बिषयमा विधिसम्मत ढङ्गले गरिने अनुसन्धानले मात्रै सार्थकता पाउने एक कार्यक्रमका वक्ताहरुले बताएका छन्।

त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान निर्देशनालयद्वारा पोखरामा सञ्चालित गोष्ठीमा सहभागि शिक्षाविद्ले अनुसन्धान अघि गरिने छलफलले प्रतिवेदनलाई सार्थक बनाउने बताए।

भैरहवा बहुमुखी क्याम्पसका उपप्राध्यापक डा. त्रिभुवन बरई र पृथ्वीनारायण क्याम्पस पोखराका उपप्राध्यापक डा. श्रीधर न्यौपानेले प्रस्तुत गरेको ‘समसामयिक नेपाली कवितामा पर्यावरणीय सचेतता’ शीर्षकमा अनुसन्धान गर्नु पुर्व गोष्ठीको आयोजना गरिएको थियो। कार्यक्रममा बोल्दै मानविकी तथा सामाजिकशास्त्र सङ्कायका डिन प्रा.डा. दुविनन्द ढकालले यस प्रकारको गोष्ठीले अनुसन्धान वैध, विश्वसनीय र फलदायी हुने बताए। उनले पर्याप्त सुझाव र छलफलबाट निस्कने निष्कर्ष नै आधिकारिक र यर्थाथमुलक हुनेमा जोड दिए।

अनुसन्धान निर्देशनालयका निर्देशक प्रा.डा. ईश्वर कोइरालाले इमान्दारी र आर्थिक पारदर्शितालाई ख्याल गर्दै अनुसन्धान गर्न सुझाव दिए। अनुसन्धान विशेषज्ञका रूपमा रहेका प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. महादेव अवस्थी, प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल र प्रा.डा.लक्ष्मणप्रसाद गौतमले अनुसन्धानका प्रक्रियालाई विधिसम्मत ढङ्गले प्रयोग गरी प्रतिवेदन तयार पार्नुपर्ने बताउँदै, यस किसिमको अध्ययन अनुसन्धानले पर्यावरण संरक्षणको क्षेत्रमा समेत फलदायी हुने स्पष्ट पारे। प्रसिद्ध पर्याकवि कृष्ण बाउसेले नेपाली पर्याकविताको क्षेत्र र अनुसन्धानविज्ञ डाक्टर देवराज आचार्यले अनुसन्धान प्रक्रियाका बारेमा स्पष्ट पारेका थिए।

नेपाली केन्द्रीय विभागका प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपानेले अनुसन्धाताद्वयलाई समयमै स्तरीय अनुसन्धान सम्पन्न गर्न सुझाव दिए । अनुसन्धाता डा. त्रिभुवन बरई र डा.श्रीधर न्यौपानेले आफुहरुले गर्न लागेको अनुसन्धानको क्षेत्र र समस्याका बारेमा जानकारी गराएका थिए।

नेपाली केन्द्रीय विभागका प्रमुख प्रा.डा. न्यौपानेको अध्यक्षतामा भइको कार्यक्रमको संचालन अनुसन्धानकर्ता डा.श्रीधर न्यौपानेले गरेका थिए। गोष्ठीमा नेपाली केन्द्रीय विभागका कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# प्रकृति, संस्कृति र इतिहासको अनुपम सङ्गम म्याग्दीको रघुगङ्गा गाउँ

**कमल खत्री**
म्याग्दी, २९ जेठ/रासस

जिल्लाको उत्तर-पूर्वी भूभागमा फैलिएको रघुगङ्गा गाउँपालिका प्रकृति, संस्कृति र इतिहासको अनुपम सङ्गमका रूपमा रहेको छ । प्राकृतिक सुन्तरता र भौगोलिक विविधताले भरिपूर्ण यस गाउँपालिका मौलिक कला, संस्कृति, धार्मिक, ऐतिहासिक धरोहरले धनी छ । पवित्र कालीगण्डकी नदीको तीरदेखि विश्वको सातौँ अग्लो धौलागिरि हिमाल (आठ हजार १६७ मिटर) को पूर्वी मोहोडासम्म फैलिएको यहाँको मनोरम भूगोलले जो कोहीलाई पनि मन्त्रमुग्ध बनाउँछ ।

राहुघाट र कालीगण्डकी नदीको सङ्गमस्थलदेखि धौलागिरि आइसफल आधार शिविरसम्म फैलिएको रघुगङ्गाको नाम पनि धौलागिरिको काखबाट बग्ने रघुगङ्गा नदीबाट रहन गएको हो । मगर, छन्त्याल, थकाली, ठकुरी, बाहुन, क्षेत्री, दलितलगायत विभिन्न समुदायको सहअस्तित्वले यहाँको सामाजिक संरचना जीवन्त बनेको छ । विविधतायुक्त संस्कृति, चालचलन र परम्पराले रघुगङ्गालाई केवल एउटा भूगोलको गाउँपालिका नभई जीवित सांस्कृतिक सङ्ग्रहालय बनाएको छ । रघुगङ्गाको परिचय केवल पहाड र हिमालसँग मात्र सीमित छैन । यहाँका वनजङ्गल, झरना, तालतलैया, नदी, हरिया डाँडाकाँडा र गुराँसले ढाकिएका पहाडहरूले पर्यटकलाई डाकिरहेका छन् । धौलागिरि आइसफल पदमार्ग, धौलागिरि सेन्चुरी पदमार्ग र टोड्के-धौलागिरि पानोरमा पदमार्ग यस क्षेत्रका प्रमुख पर्यटकीय मार्ग हुन् । यी पदमार्गले पर्यटकलाई हिमालको फेदीसम्म पुऱ्याउँदै प्राकृतिक सौन्दर्यको अद्भुत अनुभूति दिलाउँछन् ।

जिल्ला सदरमुकाम बेनीदेखि मुस्ताङ जोड्ने परम्परागत पदमार्ग सडक निर्माणसँगै विस्थापित बनेको अवस्थामा रघुगङ्गा मुस्ताङलाई 'ट्रेकिङ ट्रेल'मार्फत जोड्ने ट्रान्जिटका रूपमा रहेको छ । यस गाउँपालिकाबाट सुरु हुने सेन्चुरी र पानोरमा ट्रेकसमेत समेटिने आइसफल पदमार्ग मुस्ताङको लेते जोडिने भएकाले यस क्षेत्रमा पूर्वाधार विकास गर्नुपर्ने ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनुभयो । "रघुगङ्गामा पर्यटन विकासको सम्भावना अथाह छ, छोटो र लामो दूरीमा क्याम्पिङ ट्रेकिङ नै गर्न सकिने ठाउँहरू पनि प्रशस्त छन्, तर त्यसका लागि पदमार्ग, पर्यटन सूचनाबोर्ड, सङ्केत पोल, खानेपानी, आश्रयस्थल, सञ्चारलगायत अत्यावश्यक पूर्वाधार बनाउनुपर्छ," उहाँले भन्नुभयो ।

टोड्के-धौलागिरि पानोरमा र सेन्चुरी पदमार्ग आइसफल पदमार्गमै जोडिने भएकाले धौलागिरि आइसफल पदमार्गका पर्यटकीय गन्तव्यहरूलाई समेटेर नक्साङ्कन गर्ने र विस्तृत अध्ययन प्रतिवेदनका आधारमा पूर्वाधार बनाउन जरुरी रहेको उहाँको भनाइ छ ।

टोड्के-धौलागिरि पानोरमा ट्रेक पर्यटकीयस्थल टोड्केबाट मालिकाधुरी, ठाडाखानी, कुइनेखानी, चौरखानी भएर घ्याँसीखर्क तथा धौलागिरि सेन्चुरी पदमार्ग झौँ, पाखापानी, कोटगाउँ, रायखोर, मूलपानी हुँदै घ्याँसीखर्कमा आइसफल पदमार्गमा जोडिएको छ । घ्याँसीखर्क हुँदै आइसफल आधार शिविर भएर कालीबराह ताल पुगेर मुस्ताङको लेते जोडिएको



छ भने अर्कोतर्फ गायत्री मन्दिर, पिप्ले, भगवती, रुइसे, भेडिओडार, मुटुकाटे, सोवाङ धुरी हुँदै आधार शिविर पुग्ने धौलागिरि आइसफल पदमार्गको पहिचान भएको छ । पाँच दिनदेखि दुई सातासम्मको लामो र छोटो दूरीमा पदयात्रा गर्न सकिने विकल्पसहित पहिचान भएको धौलागिरि आइसफल पदमार्गले रघुगङ्गा गाउँपालिकाको पिप्ले, भगवती, बेगखोला, दग्नाम, चिमखोला, कुइनेमङ्गले अन्नपूर्ण गाउँपालिकाको दोबा, भुरुङ, दानालगायत ठाउँको उच्च पहाडी डाँडाको धुरी हुँदै मुस्ताङको लेते जोडिएको छ ।

विक्रम संवत् २०६८ मा पहिलो पटक सम्भाव्यत्ता अध्ययन गरिएको धवलागिरि आइसफल पदमार्गको पूर्वाधार विकास र प्रवर्द्धनका लागि रघुगङ्गा गाउँपालिकाले विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो । धौलागिरि हिमालको आधार शिविरलाई समेटिएको १८२ किलोमिटर लामो आइसफल पदमार्गको डिपिआर तयार गरी सङ्घीय र प्रदेश सरकारमार्फत पूर्वाधार बनाउन पहल थालिएको गाउँपालिकाका अध्यक्ष भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार चिमखोला-घ्याँसीखर्क, हुँदै आइसफल आधार शिविर पुग्ने पदमार्गमा पर्यटन मन्त्रालयमार्फत पदमार्ग निर्माण भए पनि कोखेभिर र धौलागिरि हिल भ्यू पोइन्ट पहाडमा अझै पदमार्ग बन्न सकेको छैन । आधार शिविरदेखि कालीबराह हुँदै मुस्ताङको लेते निस्कने परम्परागत गोरेटोबाटो र भगवतीको रुइसेदेखि पछेत्राधुरी, सोबाङधुरी, लोसधुरी, दहबुकी, फेदी, सुगुरथला हुँदै ससलधारा क्षेत्रसम्म पहिचान गरिएको बाटोमा सिँढी चिनेर पदमार्गलाई स्तरोन्नति गर्नुपर्ने काम बाँकी रहेको छ । धवलागिरि र अन्नपूर्ण रेञ्जका दर्जनौं हिमाललाई नजिकबाट अवलोकन गर्न सकिने यस पदमार्गमा डाँफे, मुनाल, कालिज, कस्तुरी, झारल, नाउर, घोरल, थार, रतुवा, हिमचितुवालगायत जङ्गली पशुपक्षी र बासस्थानलाई समेत प्रत्यक्ष अवलोकन गर्न सकिन्छ । यस पदमार्गमा हिमालको हिउँ खसेको दृश्य (आइसफल) सँगै कालिबराह, लाटीबराह, निली बराह, सेती बराह र पहेँलीबराह ताल थप आकर्षणका रूपमा रहेका छन् । कुमारी पदमार्गका रूपमा रहेको धौलागिरि आइसफल पदमार्गलाई सञ्चालनमा ल्याउन सकेमा यसले रघुगङ्गासँगै म्याग्दी र मुस्ताङको पर्यटन विकासमा नयाँ आयाम सिर्जना गर्ने रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका वडाअध्यक्ष थकबहादुर पाइजाले बताउनुभयो । यस गाउँपालिकामा लामो दूरीका ट्रेकिङ ट्रेलका अलवा रुइसे, भेडिओडार, सोवाङधुरी, टोड्के, मालिका धुरी, रिखार, नांगीडाँडा, नेपालकै लामो पुलहरूको सूचीमा पर्ने बेग-बाँदुक जोड्ने पुललगायत छोटो दूरीमा रहेका पर्यटकीय गन्तव्यको पर्यटन विकास र प्रचारप्रसारमा समेत जोड दिइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेलले बताउनुभयो । "गाउँपालिकाले पदमार्ग, भ्यूटावर, आश्रयस्थल, पार्कलगायत पर्यटन पूर्वाधार बनाउने काम गर्दै आएको छ, पहिचान भएका गन्तव्यको प्रचारप्रसार र प्रवर्द्धनको अभियानमा पनि गाउँपालिका जुटिसकेको छ, पर्यटनमार्फत रघुगङ्गाको समृद्धिमा अथाह सम्भावना छ," उहाँले भन्नुभयो । यस वर्ष धार्मिक पर्यटकीयस्थल मालिका धुरी र रिखार जाने पदमार्ग निर्माण भएको छ । यस गाउँपालिकाको वडा नम्बर ४ दर्मिजामा रहेको तातोपानीको कुण्ड प्राकृतिक चिकित्सालयका रूपमा परिचित छ ।

धौलागिरि हिमशृङ्खलाको फेदीमा वडा नम्बर ८ मा अवस्थित रिखार धार्मिक र प्राकृतिक पर्यटनको दुर्लभ सङ्गम हो । करिब चार हजार ६०० मिटर उचाइमा रहेको यस पवित्र स्थलमा हरेक वर्ष हजारौँ श्रद्धालु पुग्ने गर्छन् । तालमा रहेको डुङ्गा आकारको ढुङ्गामा बनेको मन्दिरले यस क्षेत्रको सौन्दर्यलाई अझ विशिष्ट बनाएको छ । जनैपूर्णिमा पर्वमा विशेष पूजाआजा हुने रिखारलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना छ । गायत्री मन्दिर, टोड्केको स्वर्गाश्रम, बेगको धौलेश्वर महादेव, भगवती कोत, नौलीबराह, नांगीदेवी, मालिका धुरी, मण्डली थान, कमलजैसी थान, भूमेथानलगायत धार्मिक स्थलहरूले रघुगङ्गाको आध्यात्मिक पहिचानलाई बलियो बनाएका छन् । मुक्तिनाथ जाने पुरानो पदमार्गको प्रवेशद्वारका रूपमा रहेको गायत्री मन्दिरमा परापूर्वकालमा ऋषिहरूले तपस्या गरेर ज्ञान आर्जन गरेको मान्यता छ । यस क्षेत्रमा कलात्मक र पौराणिक किसिमका मठमन्दिर छन् भने ध्यानआश्रमका लागि यो ठाउँ उपयुक्त मानिन्छ ।

त्यस्तै, भगवती कोत म्याग्दीकै पुराना कोतमन्दिरमध्ये एक मानिन्छ । भगवती कोतले यस क्षेत्रको ऐतिहासिक विरासतलाई प्रतिबिम्बित गरेको छ । १७औँ शताब्दीको विरासतसँग जोडिएको भगवती कोत मन्दिर धार्मिक पर्यटकीयस्थलका रूपमा चिनिन्छ ।

अहिले निकै चर्चामा रहेको पर्यटकीयस्थल रुइसे तत्कालीन बाइसे चौबिसे राज्यको पालामा शासन चलाएको ऐतिहासिक ठाउँका रूपमा पनि परिचित छ । यहाँ तत्कालीन राजाले बनाएको दरबारको भग्नावशेष, आराम गर्ने ढुङ्गा, तत्कालीन समयमा प्रयोग गरेका पानीका कुवा, हात्ती बाँध्ने ठाउँलगायत प्रमाणहरू अझै भेटिन्छन् । वडा नम्बर ३ को रानीपौवा ऐतिहासिक स्थल हो । विक्रम संवत् १८६३ मा तत्कालीन श्री माइली महारानी सुवर्ण प्रभा देवी शाह मुक्तिनाथको तीर्थयात्रा गर्न आउँदा तीर्थयात्रीको सहज बसोबासका लागि पिप्लेको रानीपौवामा पौवा निर्माण गरिएको थियो । दोस्रो विश्वयुद्धमा बेलायतको सर्वोच्च सैन्य पदक भिक्टोरिया क्रस प्राप्त गर्ने रघुगङ्गा गाउँपालिका-१ बादुँकका दिवङ्गत तुलबहादुर पुनको नामले यस गाउँपालिकाको चिनारीलाई अन्तरराष्ट्रियस्तरमा समेत चिनाएको छ । गाउँपालिकाले पुनको नाममा सङ्ग्रहालय बनाउने योजना अघि सारेको छ । मौलिक कला र संस्कृतिको आकर्षण

रघुगङ्गाको अर्को परिचय मौलिक कला र संस्कृति हो । यहाँका थालीनाच, पुर्ख्यौली नाच, सोरठी, मादले मारुनी, यानीमाया, सिरफुले, साइलो भाका, सेदो भाका, रत्यौली, नौमती पञ्चेबाजा र भजन-कीर्तनले मौलिक कला र संस्कृतिलाई जीवन्त बनाएका छन् ।

विशेषगरी वडा नम्बर ७ चिमखोला थालीनाचको उद्गमस्थलका रूपमा परिचित छ । मौलिक नृत्यका रूपमा रहेको थाली नाच अहिले नेपाल मात्र नभई विश्वका विभिन्न देशमा लोकप्रिय बनेको छ । थाली नाचकी सर्जक चिमखोलामा जन्मनुभएकी हिरामाया श्रीष पुन जीवित इतिहासका रूपमा रहनुभएको छ । थाली नाच, पुर्ख्यौलीलगायत मौलिक कला र संस्कृतिमा धनी मानिएको चिमखोलालाई गाउँपालिकाले सांस्कृतिक गाउँ घोषणा गरेर यसको संरक्षण र प्रवर्द्धनमा विशेष ध्यान दिएको छ । दग्नामको भूमेपूजामा हुने लिङ्गो जुधाउने परम्परा रघुगङ्गाको अर्को अनौठो सांस्कृतिक सम्पदा हो । करिब चार सय वर्ष पुरानो इतिहास बोकेको यो परम्परा प्रकृतिपूजासँग जोडिएको छ र अहिले पर्यटकको आकर्षणको केन्द्र बनेको छ । मगर समुदायको बाहुल्य बसोबास रहेका बाँदुक, बेग, दग्नाम, दर्मिजा, झौँ, पाखापानी, चिमखोलालगायत ठाउँमा प्रकृति पूजाका रूपमा भूमेपूजालाई उत्सवका रूपमा मनाउने गरिन्छ । यस क्षेत्रमा भूमेपूजाले आन्तरिक पर्यटन प्रवर्द्धनको माध्यम बन्ने गरेका छन् । म्याग्दीमा छन्त्याल समुदायको उद्गम थलोका रूपमा रहेको झिङखानी ऐतिहासिक थलोका रूपमा चिनिन्छ । आफ्नो पुर्खाहरूको उद्गम थलोमा रहेको झिङखानी भूमेथान यहाँका स्थानीयवासीको धार्मिक आस्थाको धरोहरका रूपमा रहेको छ । कुइनेमङ्गले, चिमखोला, पाखापानी, बेग, दग्नामलगायत क्षेत्रमा गरिने परम्परागत भिर मह सिकार साहसिक पर्यटनको महत्वपूर्ण आधार हो । अग्ला चट्टानमा झुन्डिएर गरिने मह सिकारले विदेशी पर्यटकलाई विशेष आकर्षित गर्ने गरेको छ । यसलाई स्थानीय जीवनशैली, साहस र परम्पराको अनुपम मिश्रणका रूपमा हेरिन्छ । यसका अतिरिक्त विभिन्न बस्तीमा रहेका तामा खानी, घुम्ती गोठ, भेडाबाख्रा पालन, जडीबुटी सङ्कलन र हिमाली जनजीवनको अध्ययन पनि रघुगङ्गामा पर्यटन विकासमा नयाँ सम्भावनाहरू हुन् । पर्यटन विकाससँगै गाउँपालिकाले स्थानीय आयआर्जन वृद्धि र जीवनस्तर सुधारलाई प्राथमिकता दिएको छ । झौँ रायखोर, मौवाफाँट र रानीपौवामा घरबासहरू सञ्चालनमा आएका छन् । यी घरबासहरूलाई व्यवस्थित बनाउँदै पर्यटकलाई स्थानीय खानपान, संस्कृति र जीवनशैलीसँग प्रत्यक्ष परिचित गराउन सकेमा यसले यहाँका स्थानीयको आयआर्जन वृद्धि गराउन सहयोग पुऱ्याउनेछ । घरबासमा पुग्ने पाहुनाहरूलाई स्थानीय कला-संस्कृतिको प्रस्तुति गरिनाका साथै अर्ग्यानिक कृषि उत्पादनबाट तयार गरिएका परिकारहरू खुवाउने परम्पराले पर्यटनलाई स्थानीय अर्थतन्त्रसँग जोड्नेछ ।

# तनहुँमा भजन संस्कृति संरक्षणको पहल

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ जेठ

पछिल्लो समय आधुनिकता र प्रविधिको तीव्र प्रभावका कारण गाउँघरमा परम्परागत भजन संस्कृतिमा कमी आउन थालेपछि यसको संरक्षणका लागि स्थानीयले पहल थालेका छन् । धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा रहेको भजनलाई जोगाउन स्थानीय भजन समूह, युवा पुस्ता, आमा समूह तथा सांस्कृतिक संस्थाहरू एकीकृत रूपमा सक्रिय देखिएका छन् ।

व्यास नगरपालिका-५ पतेनीस्थित जलेश्वर भजन समूहका अगुवा तेजप्रसाद लामिछानेका अनुसार पछिल्लो पुस्तामा भजनप्रतिको आकर्षण घट्दै गएको चिन्ताका बीच संरक्षणका प्रयासलाई तीव्र बनाइएको छ ।

उहाँले भन्नुभयो, "भजन हाम्रो पहिचान हो, यसले गाउँघरको आत्मा बोल्छ । तर पछिल्लो समय मनोरञ्जनका आधुनिक माध्यमहरू बढेसँगै भजन ओझेलमा पर्न थालेको छ । त्यसैले हामीले यसलाई निरन्तरता दिन विशेष कार्यक्रमहरू सञ्चालन गरिरहेका छौँ ।" उहाँले नियमित भजन अभ्यास, स्थानीय उत्सवहरूमा प्रस्तुति तथा नयाँ पुस्तालाई सिकाउने कार्यक्रममार्फत भजनलाई जीवित राख्ने प्रयास भइरहेको बताउनुभयो । व्यास नगरपालिका-५ स्थित सिन्धु भजन समूहका रामबाबु रेग्मीले पछिल्ला केही वर्षयता युवापुस्तामा भजनप्रति सकारात्मक परिवर्तन देखिन थालेको बताउनुभयो । "पहिले भजनमा ज्येष्ठ नागरिकको मात्र उपस्थिति देखिन्थ्यो", उहाँले भन्नुभयो, "तर अहिले युवाहरू पनि सहभागी र सिक्न थालेका छन् । यो संरक्षणका लागि अत्यन्त उत्साहजनक पक्ष हो ।" उहाँका अनुसार युवाहरूलाई भजनसँग जोड्नका लागि आधुनिक शैलीमा प्रस्तुति, प्रतियोगिता तथा प्रशिक्षण कार्यक्रम प्रभावकारी सावित भइरहेका छन् । व्यास नगरपालिका-१ गल्वुवेसीस्थित नवआदर्श आमा समूहका सावित्री हड्खलेका अनुसार भजन संरक्षणमा आमा समूहहरूको योगदान उल्लेखनीय छ । "हामी भजन संरक्षण गर्नुपर्छ भनेर लागिपरेका छौँ । हाम्रो उद्देश्य केवल पूजा गर्नुमात्र होइन, नयाँ पुस्तालाई संस्कार सिकाउनु पनि हो ।" उहाँका अनुसार आमा समूहहरूले भजनमार्फत सामाजिक एकता, नैतिक शिक्षा र सांस्कृतिक चेतना फैलाउने कामसमेत गरिरहेका छन् । पराशर आश्रम संरक्षण समितिका सचिव महेन्द्र गिरीले भजन केवल धार्मिक अनुष्ठानमा सीमित विषय नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "भजन हाम्रो इतिहास, संस्कृति, जीवनशैली र सामुदायिक एकताको प्रतीक हो । यसले मानिसहरूलाई जोड्ने, सहकार्य र सहिष्णुता बढाउने काम गर्छ ।" भजनले केवल आध्यात्मिक सन्तुष्टिमात्र होइन, सामाजिक एकता र मानसिक शान्ति प्रदान गर्ने माध्यमका रूपमा पनि काम गर्छ । युवा पुस्तामा बढ्दो विदेशमोह, व्यस्त जीवनशैली, आधुनिक सङ्गीतप्रतिको आकर्षण तथा परम्परागत सीप हस्तान्तरणको अभावजस्ता कारणले भजन संस्कृति सङ्कटमा परेको सरोकारवालाहरू बताउँछन् । यस्ता चुनौतीलाई सम्बोधन गर्न स्थानीय तह, विद्यालय, सांस्कृतिक सङ्घसंस्था तथा समुदायबीच सहकार्य आवश्यक रहेको व्यास नगर प्रज्ञा प्रतिष्ठानका सदस्य देवीबहादुर बस्नेतले बताउनुभयो ।

# मङ्गलेखानीमा खेलमैदान निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ जेठ

रघुगङ्गा गाउँपालिका-८ मङ्गलेखानीमा स्थानीय खेलप्रेमीले सहयोग जुटाएर खेलमैदान निर्माण गरेका छन् ।

मैदान निर्माणका निम्ति रघुगङ्गा गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट विनियोजन गरेकामा स्थानीयले रु ३४ लाखभन्दा बढी जुटाएका हुन् । श्रीकृष्ण युवा क्लबको अगुवाइमा खेलमैदान निर्माण भएको हो । उपभोक्ता समितिका अध्यक्ष फमान छन्त्यालका अनुसार रु ४४ लाख ३० हजारको लागतमा निर्माण भएको खेलमैदान बनाउन दाताहरुले रु २६ लाख ९० हजार, रघुगङ्गा गाउँपालिकामा निर्माण भएको अपर राहुघाट र चिमखोला-मङ्गले-राहुघाटको प्रवर्द्धक तुँदी



पावरले रु पाँच लाख र ठूलोखोला जलविद्युत् आयोजनाको प्रवर्द्धक संयुक्त ऊर्जा कम्पनीले रु दुई लाख ५० हजार प्रदान गरेका हुन् । स्व डेनिस भलन्जा छन्त्यालको स्मृतिमा उहाँका परिवारले रु दुई लाख सहयोग गर्नुभएको छ । अन्य सहयोग प्रवास र पूर्वखेलाडी तथा स्थानीयवासीबाट जुटाएको अध्यक्ष छन्त्यालले बताउनुभयो । सोह्र मिटर चौडा र ३० मिटर लामो खेलमैदानमा प्यारापिटलगायत दर्शकका निम्ति आवश्यक संरचना पनि निर्माण भएका छन् ।


**सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
कर्पोरेट कार्यालयः महालक्ष्मी-४, इमाडोल, ललितपुर, फोन नं.: ०१-५९१२७५२
Website : www.swmfi.com.np
को

**संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !**

सूचना प्रकाशित मिति २०८३/०२/३० गते

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडका तपसिलमा उल्लेखित संस्थापक समूहका शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्नका लागि निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुऱ्याई बिक्री गर्न प्रक्रिया अगाडि वढाउन यस वित्तीय संस्थाको सञ्चालक समितिबाट निर्णय भएकोले संस्थाका संस्थापक शेयरधनीलाई नै उक्त संस्थापक शेयर खरिद गर्न प्राथमिकता दिनुपर्ने व्यवस्था भए बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई यस संस्थाको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको कर्पोरेट कार्यालय महालक्ष्मी-०४, ललितपुर वा शेयर रजिष्ट्रार कुमारी क्यापिटल लिमिटेड काठमाण्डौं-१, नागपोखरी नक्सालमा आफूले खरिद गर्ने शेयर कित्ता संख्याको व्यहोरा खुलाई निवेदन दिनुहुन सूचित गरिन्छ । संस्थापक शेयर खरिद गरी लिने, सम्वन्धमा तोकिएको उक्त म्याद भित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार संस्थापक शेयरधनी वाहेकका अन्य व्यक्ति वा संस्थालाई शेयर बिक्रीका लागि आवश्यक कारवाही अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | शेयरधनीको नाम, ठेगाना | बिक्री गर्ने शेयर संख्या |
|---|---|---|
| १. | गुडाखर सापकोटा<br>आँधिखोला-०२, स्याङ्जा | १२७४६ कित्ता<br>(बाह्र हजार सात सय छयालीस मात्र) |